नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र

टेलिफोन नं. : ०१५३५५८९२
०१-५३६२१६१
०१-५३१६९४४
०१५३५६७६४
०१-५३६१४८३
फ्याक्स नं. : ०१ -५३६१८१७
इमेल : info@nhtc.gov.np
टेकु, काठमाण्डौं।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र टेकु, काठमाडौं २०५०

पत्र संख्याः२०७८/७९
चलानी नं.: १२४२

मितिः २०७९/०३/०१

विषय : <u>तालिम साइट प्रत्यायन प्रक्रिया, प्रशिक्षक रोस्टर र पुरानो/सच्याउने प्रमाणपत्र सम्बन्धमा ।</u>

श्री.......................................................... मन्त्रालय .......................प्रदेश
श्री प्रदेश स्वास्थ्य तालिम केन्द्र ......................... ,प्रदेश ।
श्री मानव संसाधन विकास केन्द्र, कर्णाली प्रदेश ।
श्री स्वास्थ्य तालीम साइटहरु (सबै)

उपरोक्त सम्बन्धमा देशभर संचालन भै रहेका विभिन्न स्वास्थ्य तालिम कार्यक्रमहरुलाई थप व्यवस्थित गर्न तिनै तहका सरकार एवं राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र ,प्रदेश स्वास्थ्य तालिम केन्द्र, सबै तालिम साइटहरु, स्वास्थ्य सेवा प्रदान गर्ने निकायहरु लगायत सबै सरोकारवालाहरुमा **<u>तालिम साइट प्रत्यायन प्रक्रिया, प्रशिक्षक रोस्टर तयार गर्ने र पुरानो/सच्याउने प्रमाणपत्र सम्बन्धमा</u>** समान बुझाई हुनु आवश्यक देखिएकोले यस केन्द्रको मिति २०७९/०२/२३ को निर्णयानुसार निम्नलिखित बिवरण समन्वय एवं सहकार्यका साथ कार्यन्वयनका लागि अनुरोध छ ।

..........................
डा. यदुचन्द्र घिमिरे
निर्देशक

**१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय सम्बन्धमाः** तालिम साइट प्रत्यायन तथा नियमन लगायतका बिषयमा मिति २०७७/१०/२८-२९ को धुलिखेल गोष्ठीको सिफारिसको आधारमा मिति २०७८/०१/१६ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भएको निर्णय सरोकारवालाहरुलाई जानकारी दिने ।

**२. साइट प्रत्यायन प्रक्रिया सम्बन्धमाः**

क) स्वास्थ्य कार्यक्रम संचालन गर्न आवश्यक देखिएका सेवा प्रदान गर्ने निकायले कुनै तालिम साइट आवश्यक ठानेमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र वा प्रदेश स्वास्थ्य तालीम केन्द्रसंग सो कार्यक्रम र तालीम बारे प्रारम्भिक बैठक बसी छलफल गर्नु पर्ने। बैठकबाट तालिम साइट आवश्यक भएको निर्णय हुनु पर्ने।

ख) जुन प्रदेशको सेवा प्रदायक निकायमा साइट बनाउन आवश्यक देखिएको छ त्यस प्रदेश स्वास्थ्य तालिम केन्द्रको समन्वयमा स्वास्थ्य हेर्ने प्रदेश मन्त्रालय र प्रादेशिक स्वास्थ्य निर्देशनालयसंग छलफल गरी तालिम साइटको प्रत्यायन गर्ने क्राइटेरिया पुरा हुने देखिएमा सो को निर्णय एवं तालिम साइट बन्ने संस्थाको प्रतिवध्दता पत्र सहित प्रदेश स्वास्थ्य तालिम केन्द्रले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रलाई अनुरोध गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र

टेलिफोन नं. : ०१५३५५८९२
०१-५३६२१६१
०१-५३१६९४४
०१५३५६७६४
०१-५३६१४८३
फ्याक्स नं. : ०१ -५३६१८१७
इमेल : info@nhtc.gov.np
टेकु, काठमाण्डौं।

पत्र संख्याः२०७८/७९
चलानी नं.:

ग) साइट संचालन गर्ने संस्थाले आवश्यक पर्ने जनशक्ति, भौतिक पूर्वाधार लगायतका विषयमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्वीकृत चेकलिस्ट अनुसार स्वमुल्यांकन (self assesment) गरी न्युनतम मापदण्ड पुरा भएको चेकलिस्ट प्रदेश स्वास्थ्य तालीम केन्द्रको समन्वयमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रलाई पत्राचार गर्ने। सो चेकलिस्ट प्राप्त भए पछि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले यथासिघ्र अनुगमन गरी तालिम साइट प्रत्यायन (Accreditation) सम्बन्धमा निर्णय दिने।

### ३. प्रशिक्षक रोस्टरबारे :

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा प्रदेश स्वास्थ्य तालिम केन्द्रबाट नियमित रुपमा विभिन्न विषयका प्रशिक्षक तयार गर्दै गरेको तर आवश्यक परेको समयमा प्रशिक्षक उपलब्ध हुन कठिनाई भएको सन्दर्भमा निम्न लिखित कार्य गर्ने।

क) राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले प्रशिक्षकहरुको रोस्टर प्रदेश अनुसार समेत अध्यावधिक गर्नु पर्ने भएकोले सबै प्रशिक्षकहरुले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार गरेको प्रशिक्षक रजिस्ट्रेसन फर्म भरी प्रदेश तालिम केन्द्र तथा तालिम साइटहरुमार्फत राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रमा पठाउन अनुरोध गर्ने।

ख) तालिम प्रशिक्षकको रोस्टरमा नाम समावेस गर्न निवेदन प्राप्त भए पश्चात राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट तोकिएको काइटेरिया को आधारमा रोस्टरमा समाबेश गर्न सकिने। तर पाँच वर्षभित्र कम्तिमा दुई वटा तालिम संचालनमा प्रशिक्षक/सह प्रशिक्षकको रुपमा काम गरेको नपाइएमा प्रशिक्षकको रोस्टरबाट नाम हटाउने व्यवस्था गर्ने।

ग) प्रदेश स्वास्थ्य तालिम केन्द्र/मानव संसाधन विकास केन्द्रमा प्रशिक्षकको रोस्टर तयार गर्न अनुरोध गर्ने।

घ) रोस्टरमा समाबेश भएका प्रशिक्षकबाट तालिम प्रदान हुनुपर्ने र यस बारेमा सबै सरोकारवालाहरुलाई जानकारी दिने।

ङ) तालिम संयोजकले रोस्टरमा रहेको प्रशिक्षकबाट तालिम संचालन गर्ने व्यवस्था मिलाउने।

च) तालिम प्रत्यायन तथा नियमन शाखाले कम्तिमा बर्षको एकपटक प्रशिक्षकहरुको रोस्टर अध्यावधिक भएको प्रमाणित गराई राख्नु पर्ने।

### <u>४ . पुरानो/सच्याउने प्रमाणपत्र बारेः</u>

क) आवश्यक पर्ने सम्पुर्ण कागजात सहितको निवेदन प्राप्त भए पश्चात एक महिना भित्र निर्णय गर्ने।

५. यस बैठकबाट भएका निर्णयहरु जानकारीका लागी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको वेबसाइटमा राख्ने।

निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र

टेलिफोन नं. : ०१-४३५५८९२
०१-४३६२१६१
०१-४३१६९४४
०१-४३५६७६४
०१-४३६१४८३
फ्याक्स नं. : ०१-४३६१८१७
इमेल : info@nhtc.gov.np
टेकु, काठमाण्डौं।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र टेकु, काठमाडौं २०५०

पत्र संख्याः२०७७/७८
चलानी नं.: ११०५

मितिः २०७८/०२/०३

विषयः **तालीम सामग्री विकास, तालीम संचालन, प्रत्यायन तथा नियमन सम्बन्धमा।**

श्री सामाजिक विकास / स्वास्थ्य तथा जनसंख्या मन्त्रालय- सातै प्रदेश
श्री स्वास्थ्य निर्देशनालय- सातै प्रदेश
श्री स्वास्थ्य तालीम केन्द्र/ मानव संसाधन विकास केन्द्र-सातै प्रदेश

प्रस्तुत विषयमा तालीम सामग्री विकास, तालीम संचालन, प्रत्यायन तथा नियमन गुणस्तर कायम गर्ने सम्बन्धमा यस केन्द्रद्वारा २०७७ माघ २८-२९ गते प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तालीम केन्द्रका निर्देशक/प्रतिनिधिहरू सम्मिलित कार्यशाला गोष्ठीमा छलफल भए पश्चात नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा छलफलका लागि पेश भएको थियो। तत्पश्चात संवैधानिक व्यवस्था अनुरूप राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र र प्रदेश स्वास्थ्य तालीम केन्द्रको कार्य विवरण स्पष्टताका लागि तीन महले सहितको प्रस्ताव तयार गरी पेश गर्ने भनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७/११/१० गते बसेको नीति समन्वय समिति ( Policy Coordination Committee) को बैठकबाट निर्णय भएको र उक्त समितिको मिति २०७८/०१/१३ गतेको बैठकको निर्णयबाट सिफारिस भई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (नि. सचिव स्तर) को मिति २०७८/०१/१६ गतेको निर्णयानुसार विषयगत क्षेत्र, हालको व्यवस्था र अब हुनुपर्ने व्यवस्था सम्बन्धमा निर्णय भएकोले सो निर्णयको प्रति (६ पाना) राखि समन्वय तथा सहकार्यका साथ कार्यान्वयनका लागि अनुरोध छ।

....................
मोहम्मद दाउद
निर्देशक

**बोधार्थः**
श्री नीति योजना तथा अनुगमन महाशाखा,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं।
श्री स्वास्थ्य सेवा विभाग, टेकु।
श्री तालीम सामग्री विकास शाखा, सीप विकास शाखा र तालीम प्रत्यायन तथा नियमन शाखा, रा.स्वा.ता.के. टेकु।

मिति २०७८।०१।१३ गते बसेको नीतिगत बैठकका निर्णयहरू

१. राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रको तालिम सामाग्री विकास, तालिम संचालन प्रत्यायन तथा नियमन कायम गर्ने सम्बन्धमा नीतिगत बैठकमा छलफल हुंदा स्वीकृतीका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

२. परिवार कल्याण महाशाखाको मतदाता नामावली निर्वाचन आयोग मार्फत प्राप्त गर्ने सम्बन्धमा छलफल हुंदा भविष्यमा आवश्यकता भएमा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

३. नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका आधारभूत तालिमको समय अवधि १० दिन कायम गर्ने सम्बन्धमा छलफल हुंदा पेश भए बमोजिम स्वीकृतिका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

४. नीति योजना तथा अनुगमन महाशाखाको कार्यकारी वा संयोजकको भूमिकामा जिम्मेवारी लिने स्वास्थ्य सेवाका अधिकृतको न्युनतम तालिम सम्बन्धि नीतिगत ब्यवस्था सम्बन्धमा छलफल हुंदा सो सम्बन्धी उपयुक्त प्याकेज तयार गरि पेश गर्न राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रलाई निर्देशन दिने निर्णय गरियो ।

तालीम सामग्री विकास, तालीम संचालन र प्रत्यायन तथा नियमन गुणस्तर कायम गर्न संबैधानिक व्यबस्था अनुरुप तीन महले सहितको प्रस्ताव तयार गरि पेश गर्ने मिति २०७७/११/१० गते बसेको नीति समन्वय समितिको बैठकको निर्णय अनुसार निम्न बमोजिम हुन निर्णयार्थ पेश गरेएको व्यहोरा अनुरोध छ:

| बिषयगत क्षेत्र | हालको व्यबस्था | | अब हुनु पर्ने ब्यबस्था | | औचित्य |
|---|---|---|---|---|---|
| | संघ (राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र) | प्रदेश (प्रदेश स्वास्थ्य तालीम केन्द्र) | संघ (राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र) | प्रदेश (प्रदेश स्वास्थ्य तालीम केन्द्र) | |
| तालीम व्यबस्थापन | सबै प्रकारका तालीमहरु (MTOT, TOT, सेवा प्रदायक, बिशिस्ट प्रकारका तालीमहरु संचालन गर्ने गरेको / | सबै प्रकारका तालीमहरु (MTOT, TOT, सेवा प्रदायक, बिशिस्ट प्रकारका तालीमहरु संचालन गर्ने गरेको / | नया र बिशिस्टकृत (Advance Level and Specialized Training) प्रकारका तालीमहरुको MTOT/TOT संचालन गर्ने | TOT र नियमित सेवा प्रदायक तालीम संचालन गर्ने / | संबैधानिक व्यवस्था अनुसारको कार्य विभाजनले प्रभावकारी तालीम संचालन र अनुगमन भै सेवा प्रवाहमा गुणस्तरीयता कायम हुने / |
| | संघमा Trainers Pool रहेको | प्रदेशमा Trainers कमि भएको | आवश्यक Trainers Pool विकास गर्नमा प्रदेशलाई सहयोग गर्ने | विभिन्न तालीमका लागि आबश्यक पर्ने Trainers Pool विकास गर्ने | प्रादेशिक स्तरमा Trainers Pool तयार भई तालीम सुचारु रुपमा संचालनमा प्रदेशलाई सहयोग पुग्ने |
| | प्रशिक्षकको तालीम पारिश्रमिक न्युन भएकोले विज्ञ र Master Trainer हरु तालीमको प्रशिक्षकको रुपमा कार्य गर्न अनिच्छुक र समय नदिने | प्रदेशहरुमा अलग अलग तालीम संचालन खर्च नर्म्स भएको | विभिन्न विशिष्टीकृत तालीमका प्रशिक्षक/विज्ञको पारिश्रमिक नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (Staff College) को नर्म्स अनुसार उपलब्ध गराउने / | संघले तयार गरेको तालीम खर्च निर्देशिका बमोजिम सबै प्रदेशले एकरुपता कायम गर्ने | स्वास्थ्यका क्लिनिकल तालीमहरु बिशिस्ट र भिन्न प्रकृतिका हुने र संचालन तरिका बिशेस हुदा प्रशिक्षकले Practical का लागि पूर्ण अवधि समय दिनु पर्ने एबम देश भरि सबै क्लिनिकल तालीमहरुको लागि आबश्यक खर्च निर्देशिकामा एकरुपता आई र तालीमका प्रशिक्षकको मनोबल उच्च हुने |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
टेकु काठमाडौं
२०५०

निर्देशक

| | | | | | |
|---|---|---|---|---|---|
| **प्रत्यायन, नियमन तथा गुणस्तर अनुगमन** | संघबाट तालीम साइट विकास गर्दा कुनै कुनै प्रदेशमा समय बढी लाग्ने गरेको / | नया क्लिनिकल तालीम साइट विस्तारमा ढिलाई / | प्रदेशहरुले कार्यविधि पुरा गरि प्रत्यायनका लागि पठाएका तालीम साइटको ३५ दिन भित्र प्रत्यायन गर्ने / | प्रदेशहरुले आफ्नो आवश्यकता अनुसार नया क्लिनिकल तालीम साइटको विस्तार गर्न Standardized Tools/Checklist प्रयोगबाट तालीम साइट पहिचान गरि साइटलाइ प्रत्यायनका लागि रा. स्वा. ता. केन्द्रमा पठाउने / | प्रदेशको आवश्यकता बमोजिम नया क्लिनिकल तालीम साइट बिस्तार हुने र गुणस्तरमा एकरुपता कायम हुने, अन्तर प्रदेश तालीम संचालनमा सहजता हुने / |
| **तालीम पाठ्यक्रम विकास** | संघबाट मात्र नया तालीम पाठ्यक्रमलाइ स्तरीयकरण र प्रमाणिकरण भै रहेकोले प्रदेशको माग अनुसारको नया तालीम पाठ्यक्रम निर्माणमा ढिलाई / | नया तालीम पाठ्यक्रम निर्माणमा केहि प्रदेशहरुले आ-आफ्नै तरिकाबाट केहि तालीमका सामग्री विकास गरेको तथा केहि प्रदेशको सहभागिता नभएको गुनासो / | प्रदेशले विकास गरेको तालीम पाठ्यक्रमलाइ स्तरीयकरण र प्रमाणिकरण गरि पठाउने र राष्ट्रिय तालीम सामग्रीको रुपमा प्रत्यायन गर्ने / | प्रदेशको तालीम आबश्यकता पहिचानका आधारमा नया तालीम पाठ्यक्रम विकास गर्नु परेमा रा.स्वा.ता.के. ले अपनाएको तालीम पाठ्यक्रम निर्माण कार्यविधि अनुसार तालीम पाठ्यक्रम विकास खाका तयार गरि रा.स्वा.ता.के. मा स्तरीयकरण र प्रमाणीकरणका लागि पठाउने / | तालीम पाठ्यक्रमको स्तरीयकरण र गुणस्तरमा एकरुपता आउने र प्रक्रियागत कार्यहरु छोटो भै प्रमाणिकरण छिट्टो हुने एबम कुनै प्रदेशले विकास गरेको तालीम सामग्री रास्ट्रिय रुपमा प्रयोग गर्न मिल्ने जसले गर्दा खर्चको दोहोरोपना घटाउन सकिने / |
| | विभिन्न तालीम सामग्रीको छपाईको फरक फरक स्पेसिफिकेसन भएको / | विभिन्न तालीम सामग्रीको छपाईको फरक फरक स्पेसिफिकेसन भएको / | तालीम पाठ्यक्रमको स्तरीयकरणमा एकरुपता ल्याउन छपाईको स्पेसिफिकेसन तयार गर्ने / | संघले तोकेको स्पेसिफिकेसन अनुसार तालीम पाठ्यक्रम छपाई गर्ने / | तोकिएको स्पेसिफिकेसन अनुसार छपाई गर्दा सबै तालीम सामग्री गुणस्तरीय र एकरूप हुने / |
| | हाल स्वास्थ्य तालीम सामग्री इ-बैंक नभएको / | हाल स्वास्थ्य तालीम सामग्री इ-बैंक नभएको / | राष्ट्रिय स्वास्थ्य तालीम सामग्री इ-बैंक स्थापना गर्ने / | इ-बैंकको प्रमाणित तालीम सामग्रीको प्रयोग गर्ने / | सामग्री इ-बैंकको स्थापना भै तालीमको गुणस्तर कायम गर्न सहयोग पुग्ने / |
| | संघबाट मात्र तालीम सामग्री को Update/ Revision भै रहेको / | तालीम सामग्री Update/Revision कार्यमा प्रदेश भूमिका न्यून भएको गुनासो / | तालीम सामग्रीको Update/Revision सम्बन्धि कार्यमा प्रदेश संग समन्वय गर्ने / | आबश्यक तालीम सामग्रीको Update/ Revision गर्न संघसंग समन्वय र प्राबिधिक सहयोग र सहभागिता / | प्रदेशको माग/आवश्यकता बमोजिमको स्वास्थ्य तालीम पाठ्यक्रमको Update/ Revision कार्य द्रुत हुने / |

2

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र टेकु, काठमाडौं २०५०

निर्देशक

| | | | | | |
|---|---|---|---|---|---|
| | संघमा मात्र स्वास्थ्य तालीम सामग्री मौज्दात रहेको अवस्था / | प्रदेश [illegible]रबाट रा.स्वा.ता.के. मा माग भएका स्वास्थ्य तालीम सामग्री संधै मौज्दातमा नहुने / | प्रदेशको आबश्यकताका आधारमा तालीम सामग्री उपलब्ध गराउने र सो को लागि साझेदार संघ, संस्थाहरु संग समन्वय र सहजीकरण गर्ने / | [illegible]बश्यकताका आधारमा तालीम सामग्री माग गर्ने र सो को लागि प्रदेशमा कार्यरत साझेदार संघ, संस्थाहरु संग समन्वय र सहजीकरण गर्ने / | प्रदेश संग सबै तालीमका बर्ष भरि पुग्ने स्वास्थ्य तालीम सामग्री उपलब्ध हुने / |
| **संस्थागत संरचना, साझेदार समन्वय तथा साझेदारी** | हाल स्थानीय र जिल्ला तहमा स्वास्थ्य तालीम इकाई र तालीम फोकल व्यक्ति नतोकिएकोले तालीमका लागि सहि व्यक्ति छनौटमा कठिनाई परेको / | प्रदेशबाट पनि स्थानीय र जिल्ला तहमा स्वास्थ्य तालीम इकाई र तालीम फोकल व्यक्ति नतोकिएको अवस्था / | स्वास्थ्य तालीम इकाई बनाउन र फोकल व्यक्ति तोक्न स्वा. तथा ज. म. बाट संघिय मामिला तथा सामान्य प्रसाशन मन्त्रालय मार्फत आबश्यक पत्राचार गर्ने / | स्थानीय तहमा स्वास्थ्य तालीम इकाई बनाइ फोकल व्यक्ति तोक्ने; र, जिल्ला स्वास्थ्य कार्यालयमा तालीम समिति/समन्वयकर्ता तोक्ने/ | तालीमका लागि सहि स्थानबाट सहि व्यक्तिको छनौट र पदस्थापन भइ तालीम पश्चात प्रभावकारी सेवा प्रवाह र गुणस्तर कायम हुने र कर्मचारीको मनोबल उच्च हुने / (आवस्यकता भएको स्थानमा उपुयुक्त व्यक्तिले तालीम पाउने ) |
| | अन्तर्राष्ट्रिय गैर-सरकारी संघ/संस्थाहरुबाट संचालन हुने तालीमको संघ संग मात्र MOUs/ Agreement हुने / | अन्तर्राष्ट्रिय गैर-सरकारी संघ/संस्थाहरुबाट संचालन हुने तालीमको प्रदेश संग समन्वय नभएको गुनासो / | अन्तर्राष्ट्रिय गैर-सरकारी संघ/संस्थाहरुबाट संचालन हुने तालीम कार्यक्रमका लागि समझदारी/सम्झौता गर्ने र प्रदेशलाई सो को जानकारी गराई कार्यान्वयन गर्ने / | रा. स्वा.ता. के. संगको समन्वयमा अन्तर्राष्ट्रिय गैर-सरकारी संघ/संस्थाहरुबाट संचालन हुने तालीम कार्यक्रममा सहभागिता र अनुगमन गर्ने / | वैदेशिक श्रोत अन्तर्गत अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुबाट संचालन हुने तालीममा संघ र प्रदेश बीच समन्वय कायम हुने र प्रभावकारी अनुगम हुने / |
| | संघमा मात्र साझेदार संस्थाको सहयोगमा संचालित तालीमहरुको आवधिक समिक्षा हुने गरेको / | प्रदेश स्तरमा साझेदार संस्थाको सहयोगमा संचालित तालीमहरुको आवधिक समिक्षा हुने नगरेको / | तालीम साझेदार संस्थाहरु संग प्रदेश स्तरमा तालीमहरुको आवधिक समिक्षाका लागि समन्वय र सहजीकरण गर्ने / | साझेदार संस्थाको सहयोगमा संचालित तालीमहरुको आवधिक समिक्षा गरि सहयोगको क्षेत्र बढाउने / | स्वास्थ्य तालीमहरुको आवधिक समिक्षा भै समन्वय र सहयोगको क्षेत्र बढ्ने / |

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र टेकु, काठमाडौं २०५०

निर्देशक

| | | | | | |
|---|---|---|---|---|---|
| **समन्वय तथा निजि क्षेत्र संगको सहकार्य** | स्वास्थ्य तालीम समन्वयका लागि स्थानीय तह र जिल्ला स्तरमा तालीम ब्यबस्थापन समिति नभएको / | स्वास्थ्य तालीम समन्वयका लागि स्थानीय तह र जिल्ला स्तरमा तालीम ब्यबस्थापन समिति नभएको / | संघले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय तहहरुलाई तालीम ब्यबस्थापन समिति बनाउन पत्राचार गर्ने / | स्थानीय तह र जिल्ला स्तरमा तालीम ब्यबस्थापन समिति बने, नबनेको सुनिस्चितता र समन्वय गर्ने / | सरकारका तिनै तह बीच सुचारु तालीम ब्यबस्थापन प्रभावकारी भइ कार्यगत समन्वय कायम हुने/ |
| | संघिय स्तरमा मात्र स्वास्थ्य तालीमहरुको आवधिक समिक्षा हुने / | स्वास्थ्य तालीमहरुको प्रदेश स्तरीय आवधिक समिक्षा नभएको / | प्रत्येक बर्ष रा.स्वा. ता.केन्द्र र प्रदेशहरु बीच समिक्षा, समन्वय र योजना बैठक गर्ने / | स्वास्थ्य तालीमहरुको प्रदेशस्तरीय आवधिक समिक्षा गर्ने / | स्वास्थ्य तालीमहरुको आवधिक समिक्षाले सबल र कमजोर पक्ष पत्ता लाग्ने, कार्य योजना बन्ने र प्रभाबकारी तालीम कार्यान्वयनमा सहयोग हुनुका साथसाथै Efficient श्रोत व्यवस्थापन गर्न सकिने / |
| | अन्तर-प्रादेशिक तालीम समन्वय संजाल नभएको / | अन्तर-प्रादेशिक तालीम समन्वय संजाल नभएको/ | सबै प्रदेशहरुलाई तालीम समन्वय संजाल बनाउन पत्राचार गर्ने / | अन्तर-प्रादेशिक तालीम समन्वय संजाल बनाउने / | अन्तर-प्रादेशिक तालीम समन्वय संजाल निर्माणले प्रदेशहरु बिचको सहयोग र सहकार्यको क्षेत्र विस्तार हुने / |
| | संघबाट मात्र तालीम मुल्यांकन, अनुगमन र प्रत्यायन आदि कार्यहरु भै रहेको | प्रदेशबाट तालीम मुल्यांकन, अनुगमन र प्रत्यायन आदि कार्यहरु न्युन भएको | तालीम मुल्यांकन, अनुगमन र प्रत्यायन आदि कार्यहरुमा प्रदेश स्वा.ता. केन्द्रको सहभागिता सुनिश्चित गर्ने | तालीम मुल्यांकन, अनुगमन र प्रत्यायन आदि कार्यहरुमा प्रदेश स्वा.ता. केन्द्र सहभागी हुने / | तालीम मुल्यांकन, अनुगमन र प्रत्यायन आदि कार्यहरुमा संघ र प्रदेश बिच समान बुझाई र अपनत्व कायम हुने / |
| | संघबाट क्लिनिकल तालीम साइटको स्तरोन्नति गर्ने गरेको / | क्लिनिकल तालीम साइटको स्तरोन्नति गर्ने प्रक्रियामा प्रदेशको सक्रिय सहभागिता नभएको / | क्लिनिकल तालीम साइटको स्तरोन्नति गर्ने प्रक्रियामा प्रदेश संग संयुक्त अनुगमन गरि सहयोग/सहमति प्रदान गर्ने / | क्लिनिकल तालीम साइटको स्तरोन्नति गर्न आबश्यक प्रक्रिया अगाडी बढाइ संघको सहभागितामा संयुक्त अनुगमन गरि साइटको स्तरोन्नति अनुमति प्रदान गर्ने / | प्रदेशको माग र आबश्यकता एबम सहभागितामा क्लिनिकल तालीम साइटको स्तरोन्नति भै सुचारु तालीम संचालनमा सहयोग पुग्नुका साथै प्रदेशको क्षमता समेत अभिवृद्धि हुने / |



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र टेकु, काठमाडौं २०५०

निर्देशक

| | | | | | |
|---|---|---|---|---|---|
| **अध्ययन/ अनुसन्धान** | स्वास्थ्य तालीमहरु प्रदान गरे पश्चात सेवा प्रदायकद्वारा प्रवाहित सेवाको गुणस्तर र सो को प्रतिफल बारे अत्यन्त न्यून अध्ययन/ अनुसन्धान भएको अवस्था / | स्वास्थ्य तालीमहरु प्रदान गरे पश्चात सेवा प्रदायकद्वारा प्रवाहित सेवाको गुणस्तर र सो को प्रतिफल बारे अत्यन्त न्यून अध्ययन/अनुसन्धान भएको अवस्था / | तालीमको आबश्यकता, संचालित तालीमको मुल्याकन, तालीम पश्चात सेवा प्रदायकको कार्य सम्पादन क्षमता, सेवा प्रवाहमा प्रभावकारिता (सेवाग्राहीको सन्तुष्टि, र तालीममा गरिएको लगानीको प्रतिफल अर्थात् लागत-लाभ आंकलन गर्न अध्ययन/अनुसन्धानको बिषयहरु पुर्व छनौट गरि सोहि अनुसार अध्ययन\|अनुसन्धान संचालन गर्ने / | तालीमको आबश्यकता, सचालित तालीमको मुल्याकन, तालीम पश्चात सेवा प्रदायकको कार्य सम्पादन क्षमता, सेवा प्रवाहमा प्रभावकारिता (सेवाग्राहीको सन्तुष्टि), र तालीममा गरिएको लगानीको प्रतिफल अर्थात् लागत-लाभ आंकलन गर्न अध्ययन/अनुसन्धानको बिषयहरु पुर्व छनौट गरि सोहि अनुसार अध्ययन/अनुसन्धान संचालन गर्ने / | Evidence-based and cost-effective/cost-benefit स्वास्थ्य तालीमहरु छनौट र संचालन योजना निर्माण गर्न सहयोग पुग्ने/ |
| **नीति, रणनीति र योजना** | हाल संघ र प्रदेश बिच सशर्त अनुदानबाट जाने बार्षिक बजेट तथा कार्यक्रमको संयुक्त बार्षिक तालीम कार्ययोजना नबनेको / | हाल संघ र प्रदेश बिच सशर्त अनुदानबाट जाने बार्षिक बजेट तथा कार्यक्रमको संयुक्त बार्षिक तालीम कार्ययोजना नबनेको / | तिन तहको स्वास्थ्य नीति तथा रणनीति लाई आधार मानी सशर्त अनुदानबांट प्रदेशमा जाने बजेटलाई मध्यनजर गरि प्रदेशको संयुक्त बार्षिक तालीम कार्ययोजना तयार गर्नमा मद्दत गर्ने / | तिन तहको स्वास्थ्य नीति तथा रणनीति लाई आधार मानी सशर्त अनुदान र प्रदेशलाई जाने बजेटलाई मध्यनजर राखी तालीमको संयुक्त बार्षिक तालीम कार्ययोजना तयार गरि तालीम कार्यक्रमहरु संचालन गर्ने / | संयुक्त बार्षिक तालीम कार्ययोजनाले तालीममा दोहोरोपन हट्ने र संघ र प्रदेश सरकार दुवै बाट बिनियोजन हुने बजेटको उच्चतम प्रयोग भई स्वास्थ्य तालीममा धैरै सेवा प्रदायक समेटिने / |
| | तालीम चक्र पुरा हुने गरि योजना बनेको / | तालीम चक्र पुरा हुने गरि हाल योजना नबनेको / | तालीम चक्र पुरा हुने गरि तालीम योजना बनाउने कार्यमा प्रदेशलाई प्राविधिक सहयोग गर्ने / | तालीमको योजना तयार गर्दा तालीम चक्र पुरा हुने गरि तालीम योजना बनाउने / | तालीम अनुगमन, तालीम पछी आ-आफ्नो कार्यस्थलमा लागु गर्ने कार्य योजना र तालीम पश्चातको On-Site Follow-up and Enhancement कार्यक्रम र On-site Coaching/ |



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र टेकु, काठमाडौं २०५०

निर्देशक

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | Mentoring मजबूत हुने । |
| | हाल थोरै मात्र सम्पुरक तालीम कार्यक्रमहरु चलाउने गरेको । | सम्पुरक तालीम कार्यक्रमहरु चलाउने नगरेको । | प्रदेश र स्थानीय तहको आबश्यकता र मागका आधारमा संघले सम्पुरक तालीम कार्यक्रमहरु संचालन गर्ने । | आबश्यक सम्पुरक तालीम कार्यक्रमहरु माग गरि सो संचालन गर्न संघलाई सहयोग गर्ने । | बिशेस परिस्थितिमा (जस्तै: COVID-१९ को लागि Critical Care तालीम) चलाईने तालीमले स्वास्थ्यकर्मीको कार्य दक्षता बढ्ने र स्थानीय आवश्यकता पुरा हुने । |
| **विभिन्न विशिष्टीकृत/ बिषयगत तालिमहरु जस्तै: रुरल अल्ट्रासाउन्ड, डेन्टल लगायत अन्य तालीम सुचारु रुपले संचालन** | विभिन्न बिषयगत तालिमहरु जस्तै: नरसिंग स्टाफलाई Rural USG तालीम र स्वास्थ्यकर्मीलाई Dental तालीम संचालनमा स्वास्थ्य संग सम्बन्धित पेशागत संघ/संगठनको Reservation कारण कठिनाई परेको । | विभिन्न बिषयगत तालिमहरु जस्तै: नरसिंग स्टाफलाई Rural USG तालीम र स्वास्थ्यकर्मीलाई Dental तालीम संचालनमा पेशागत संघ/संगठनको Reservation कारण कठिनाई परेको । | नेपाल सरकारको उच्च प्राथमिकता प्राप्त र बार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा परेका सेवा प्रदायकहरुको दक्षता अभिवृद्धि गर्न संचालन हुने तालीमहरु प्रदान गर्ने सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नीति समन्वय समितिको बैठकको निर्णयानुसार राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र मार्फत गर्ने । | संघ संगको समन्वयमा उपयुक्त क्लिनिकल तालीम साईटमा रुरल अल्ट्रासाउन्ड, डेन्टल लगायत अन्य तालीम संचालन गर्ने | दुर्गम भेगमा कार्यरत स्वास्थ्य सेवा प्रदायकहरुको दक्षता अभिवृद्धि गर्न संचालन हुने RUSG तथा Dental तालीमले Life-saving गर्ने तथा Mortality र Morbidity घटाउन मद्दत पुग्ने एबम बिषेशज्ञ सेवा प्रदायकको अभावमा समेत Task Sharing गरि दुर्गम तथा ग्रामिण भेगका जनतालाई बिशेषज्ञ सेवा प्रदान गर्न सकिने |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
टेकु, काठमाडौं
२०५०

निर्देशक